बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. कन्चन चन्द्र बादे

मन्त्री

## अन्तर्राष्ट्रिय युवा दिवस २०८३ को शुभकामना सन्देश



अन्तर्राष्ट्रिय युवा दिवस २०८३ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली युवाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपालको जनसंख्याको ठूलो हिस्सा युवाले ओगटेको वर्तमान अवस्थामा युवा देशको भविष्य मात्र होइन, आजको परिवर्तनका प्रमुख संवाहक हुन्। युवाको श्रम, सीप, सिर्जनशीलता र नवीन सोचलाई राष्ट्रको आर्थिक तथा सामाजिक रूपान्तरणसँग जोड्न सकियो भने नेपालले विकासको नयाँ गति लिन सक्छ। आज धेरै नेपाली युवा रोजगारी र अवसरको खोजीमा विदेशिनुपर्ने अवस्था रहेको छ । यो वास्तविकतालाई मनन गर्दै स्वदेशमै गुणस्तरीय रोजगारीका अवसर सिर्जना गर्ने, सीप र शिक्षालाई बजारको आवश्यकतासँग जोड्ने, उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने तथा युवालाई आत्मनिर्भर बन्न सहयोग पुग्ने वातावरण निर्माण गर्नु हाम्रो प्राथमिकता हो। युवाको आवाज नीति निर्माणको तहसम्म पुग्नुपर्छ र देशका महत्वपूर्ण निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्छ। सूचना प्रविधि, डिजिटल अर्थतन्त्र, उद्यमशीलता, कृषि, पर्यटन, सिर्जनात्मक उद्योगलगायत नयाँ सम्भावनाका क्षेत्रमा युवाले नेतृत्व लिन सक्ने वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध छ। नेपालको समृद्धि केवल सरकारको प्रयासबाट सम्भव हुँदैन। त्यसका लागि देशका हरेक युवाको ऊर्जा, विचार, सीप र सहभागिता आवश्यक छ। त्यसैले अवसर खोज्ने मात्र होइन, आफ्नै ठाउँमा अवसर सिर्जना गर्ने र समाज परिवर्तनको नेतृत्व गर्ने युवाको पुस्ता निर्माण आजको आवश्यकता हो।

युवामा रहेको उत्साह, नवीनता र नेतृत्व क्षमतालाई सकारात्मक दिशामा परिचालन गर्दै सामाजिक न्याय, सुशासन, आर्थिक विकास तथा समृद्धिको राष्ट्रिय अभियानमा सक्रिय योगदान पुऱ्याउन सम्पूर्ण युवाहरूमा हार्दिक आह्वान गर्दछु। यस दिवसले नेपाली युवामा नयाँ आशा, उत्साह र जिम्मेवारीको भावना जागृत गर्दै समुन्नत नेपाल निर्माणको यात्रामा थप ऊर्जा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद! जय नेपाल ।

**माननीय कन्चन चन्द्र बादे**
**मन्त्री**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९

इमेलः mosd@bagamati.gov.np, वेबसाइटःmosd.bagamati.gov.np